फोन: ०६१५०६४०४

# मादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## थुमाकोडाँडा, कास्की
गण्डकी प्रदेश, नेपाल

मादी गाउँपालिका

प सं.

च. नं. मिति:२०८३/०६/०२

**बालश्रममुक्त स्थानीय तह घोषणा सम्बन्धी अपिल**

श्री सम्वन्धित सम्पुर्ण सरोकारवालाज्यूहरु,
मादी गाउँपालिका, कास्की।

उपर्युक्त सम्बन्धमा, मादी गाउँपालिकाले चालु आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रमअनुसार बालश्रममुक्त स्थानीय तह घोषणा गर्ने लक्ष्य लिएको छ। सोहीबमोजिम बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ मा व्यवस्था गरिएका प्रावधानहरूअनुसार बालश्रममुक्त स्थानीय तह घोषणा प्रक्रियाको थालनी गरिएको व्यहोरा सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूमा जानकारी गराइन्छ।

बालश्रम बालबालिकाको शिक्षा, स्वास्थ्य, शारीरिक तथा मानसिक विकास, व्यक्तित्व निर्माण तथा सुरक्षित भविष्यमा प्रत्यक्ष असर पार्ने सामाजिक समस्या हो। बालश्रमको अन्त्य गरी बालबालिकाको अधिकार सुनिश्चित गर्नु स्थानीय सरकार, अभिभावक, समुदाय, रोजगारदाता, व्यवसायी तथा सम्पूर्ण सरोकारवालाहरूको साझा दायित्व हो।

यस अभियानअन्तर्गत मादी गाउँपालिकाका सम्पूर्ण वडाहरूमा घरधुरी तथा कार्यस्थल सर्वेक्षण, बालश्रमको तथ्याङ्क सङ्कलन तथा प्रमाणीकरण, सरोकारवालाहरूसँग अभिमुखीकरण तथा प्रतिबद्धता, जोखिममा रहेका बालबालिकाको पहिचान, आवश्यक उद्धार तथा पुनःस्थापना, विद्यालयमा पुनःभर्ना, नियमित अनुगमन र बालश्रममुक्त वडा प्रमाणीकरणलगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

अतः मादी गाउँपालिकालाई बालश्रममुक्त स्थानीय तह घोषणा गर्ने यस महत्वपूर्ण अभियानलाई सफल, प्रभावकारी तथा दिगो बनाउन सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूलाई आ—आफ्नो क्षेत्रबाट आवश्यक सहयोग, सहकार्य, समन्वय तथा प्रतिबद्धता व्यक्त गरिदिनुहुन हार्दिक अपिल गर्दछौं।

विशेषगरी बालबालिकालाई श्रममा नलगाउने, बालश्रमसम्बन्धी सूचना तथा तथ्याङ्क उपलब्ध गराउने, बालश्रममा संलग्न बालबालिकाको पहिचान तथा संरक्षणमा सहयोग गर्ने र बालश्रममुक्त स्थानीय तह निर्माणका लागि आवश्यक सहकार्य गरिदिनुहुन अनुरोध गर्दछौं।

बालश्रमको अन्त्य केवल सरकारी प्रयासबाट मात्र सम्भव नहुने भएकाले सम्पूर्ण सरोकारवालाहरूको सक्रिय सहभागिता, जिम्मेवारीबोध र निरन्तर सहयोगबाट मात्र यस अभियानले अपेक्षित सफलता हासिल गर्न सक्नेछ।

**(बालश्रममुक्त मादी गाउँपालिका निर्माणका लागि यहाँहरूको अमूल्य सहयोग र सहकार्यको अपेक्षा गर्दछौं।)**

धन बहादुर गौतम
रोजगार संयोजक

चेतनारायण भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

देवीजङ्ग गुरुङ
अध्यक्ष